HUMAN RIGHTS WATCH

AMNESTY INTERNATIONAL

INTERNATIONAL COMMISSION OF JURISTS

२४ मे २०११ ( २०६८ जेठ १० गते)

सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल ज्यू
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
पोष्ट बक्स : २३३१२
सिंहदरवार, काठमाडौं, नेपाल

विषय : नेपालमा दण्डहिनताको निरन्तरता

(फ्याक्स र इमेलद्वारा प्रेसित)

सम्माननीय प्रधानमन्त्री ज्यू ,

नेपालमा लामो समयदेखि विद्यमान दण्डहिनतालाई प्रश्रय दिनेखालका हालसालैका केही घटनाहरुका बारेमा चासो प्रकट गर्दै हामी तपाईलाई एमनेस्टी ईन्टरनेशनल, ह्युमन राइट्स् वाच तथा इन्टरनेशनल कमिशन अफ जुरिष्टका तर्फबाट यो पत्र पठाइरहेका छौं । नेपालमा दण्डहिनताका कारण मानव अधिकार हनन्का पिडितहरुले न्याय पाउनबाट बञ्चित भएका छन् साथै फौजदारी न्यायप्रणालीको विश्वासनियता र प्रभावकारितामा पनि ह्रास आईरहेको छ ।

विषेशतः हालै उपप्रधानमन्त्री तथा गृहमन्त्री कृष्ण बहादुर महराले सार्वजनिक रुपमा हाल अदालतमा विचाराधिन रहेको अर्जुन लामा र मैना सुनुवारको हत्याको लगायत फौजदारी मुद्दाहरु फिर्ता लिन तयार रहेको भनी गर्नुभएको टिप्पणीका बारेमा हामी चिन्तित भएका छौं । साथै, अर्जुन लामाको हत्याको आरोप लगाइएका कारण प्रहरी अनुसन्धानमा रहेकै बेला सूचना तथा सञ्चार मन्त्रीका रुपमा अग्नि सापकोटाको नियुक्ति भएको बारेमा पनि ध्यानाकर्षण गर्दछौं ।

*मुद्दा फिर्ता सम्बन्धमा:* २० मेका दिन मन्त्री महराले द्वन्द्वको समयका मुद्दाहरु अदालतबाट फिर्ता लिइनु पर्ने बताउनु भयो । उहाँले अर्जुन लामाको हत्यामा संलग्न ठानिएका सापकोटा र मैना सुनुवारको हत्यामा संलग्न मानिएका नेपाली सेनाका मेजर निरन्जन बस्नेतका मुद्दाहरु फिर्ता गरिनु पर्ने मध्येका भएका बताउनु भयो । अक्टोबर २००८ मा सरकारले राजनीतिक प्रकृतिका भनेर ३४९ वटा मुद्दा फिर्ता गर्न सिफारिस गरेको थियो, जसमा हत्या, बलात्कार र अन्य गम्भीर अपराधहरु पनि सामेल थिए ।

नेपालको राष्ट्रिय मानव अधिकार आयोगले मुद्दा फिर्ता गर्ने उक्त सिफारिसको भर्त्सना गरेको थियो र सर्वोच्च अदालतले मुद्दा फिर्ता गर्ने काममा अदालतले स्वतन्त्र रुपमा पुनरावलोकन गर्नुपर्ने आदेश दिएको थियो । फेब्रुअरी २०११ मा महान्यायाधिवक्ता युवराज संग्रौलाले बाँकी रहेका मुद्दाहरुलाई फिर्ता गर्ने काम रोकिने सार्वजनिक प्रतिवद्धता पनि व्यक्त गर्नुभएको थियो ।

राजनीतिक उद्देश्यले अभिप्रेरित मुद्दा फिर्ता गर्ने कार्य अन्तर्राष्ट्रिय कानूनको पालना गर्नुपर्ने सरकारी दायित्वको पनि बर्खिलाफमा छ जसले गम्भीर मानव अधिकार हनन् लगायतका अन्तर्राष्ट्रिय कानूनले अपराध मानेका मुद्दाहरुमा कानूनी वा व्यवहारिक क्षमादानलाई निषेध गर्दछ । कुनै खास अभियोजनमा पूर्वाग्रह र राजनीतिक अभिष्ट रहेको देखिएमा तिनको एक एक गरी पुनरावलोकन गर्न एउटा पारदर्शी र निष्पक्ष प्रकृया स्थापना गर्न आवश्यक छ ।

*मन्त्री सापकोटाको नियुक्ति सम्बन्धमा:* अग्नि सापकोटा २००५ को अप्रिलमा काभ्रेपलाञ्चोक जिल्ला निवासी अर्जुन लामाको अपहरण र हत्यामा संलग्न मानिएका र प्रहरी अनुसन्धानका क्रममा रहेका ६ जना मध्ये भित्र पर्नुहुन्छ । एकिकृत नेपाल कम्युनिस्ट पार्टी - माओवादी (एनेकपा - माओवादी) को पोलिटब्युरो सदस्य समेत रहेका सापकोटा प्रहरी अनुसन्धानका क्रममा रहेका बेला मन्त्रीका रुपमा भएको निजको नियुक्तिले यस्ता गम्भीर आरोपहरुप्रति सरकारी बेवास्ताको गम्भीर सन्देश सम्प्रेषण गरेकोछ  र यसबाट दण्डहिनताको अपसंस्कृति अझ बलियो भएर जाने सम्भावना बढेको छ ।

अगस्ट २००८ मा सर्वोच्च अदालतले, उक्त मुद्दालाई थाती राखेर भविष्यमा सत्य निरुपरण तथा मेलमिलाप आयोग गठन भएपछि त्यसैले हेर्ने भन्ने तर्कलाई अस्वीकार गर्दै प्रहरीलाई सापकोटा लगायतका ६ जना माओवादी कार्यकर्ताका विरुद्ध जाहेरी दर्ता गर्न आदेश दियो । उक्त अभियोगका गम्भीरताकै कारण २६ जुन २०१० मा नेपालस्थित अमेरिकी दूतावासले सापकोटालाई द्वन्द्वकालमा उँहाको गतिविधिका कारण भएको मानव अधिकार हनन् जस्तो गम्भीर प्रकृतिको आरोप सहित निश्चित अभियोग लागेका कारण प्रवेशाज्ञा जारी गर्न अस्वीकार गर्‍यो । सर्वोच्च अदालतको आदेश र सापकोटा विरुद्धका अभियोगहरुका बाबजुत एनेकपा (माओवादी) ले सम्बन्धित अधिकारीलाई असहयोग गर्दै सापकोटालाई गिरफ्तार हुनबाट जोगाउने काम गर्‍यो । पीडित पक्षबाट पैरवी गर्ने कानून व्यवसायीले माओवादी कार्यकर्ताहरुबाट धम्कीको सामना गर्नुपर्‍यो । तर, एनेकपा (माओवादी) ले यो अनुसन्धानमा वाधा व्यवधान पुर्‍याउने प्रयत्न गर्नुको कुनै औचित्य पुष्टि गर्न सकेको छैन ।

गैरन्यायिक तथा स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम र अनुसन्धान सम्बन्धी राष्ट्रसंघीय सिद्धान्तहरु र यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी अनुसन्धान र अभिलेखिकरण सम्बन्धी राष्ट्रसंघीय सिद्धान्तहरुले यस किसिमका घटनाहरुमा संलग्न रहेको सम्भावना

भएका व्यक्तिहरुलाई समेत प्रत्यक्ष परोक्ष रुपले शक्तिमा रहन वा पीडित व्यक्ति , साक्षी वा परिवारहरुलाई नियन्त्रण गर्नसक्ने स्थितिबाट हटाइनु पर्छ र स्वतन्त्र न्यायिक प्रक्रियाबाट त्यसलाई टुङ्गो लगाउनुपर्छ भन्ने कुरा उल्लेख गरेको छ । राष्ट्रसंघीय मानव अधिकार समितिले पनि यस सिद्धान्तलाई अनुमोदन गरेको छ । मन्त्री जस्तो विशिष्ट राजनीतिक अधिकारीहरु पीडित व्यक्ति , परिवार र साक्षीहरुका सन्बन्धलाई प्रभावित पार्नसक्ने ठाँउमा हुन्छन् ।

अग्नि सापकोटाको नियुक्ति यी सिद्धान्तहरुका प्रतिकुल देखिएको छ र यसले मानव अधिकार हनन्का विश्वासयोग्य आरोप लागेका व्यक्तिहरुले स्वतन्त्र र निष्पक्ष प्रक्रियाबाट सफाई नपाउन्जेलसम्म कुनै पनि सरकारी शक्तिको पद ग्रहण गर्न नपाउन् भन्ने निश्चित आधारहरु तयार गर्न एउटा उपयुक्त रुजु गर्ने जाँच (भेटिङ) प्रणाली स्थापना गरिनुपर्ने आवश्यकतालाई पनि औंल्याएको छ ।

*संक्रमणकालीन न्यायिक निकायहरुको भूमिका:* केही सरकारी अधिकारी र राजनीतिक व्यक्तिहरुले द्वन्द्व सम्बद्ध उल्लंघनलाई फौजदारी न्यायप्रणालीबाट नभई सत्य निरुपरण तथा मेलमिलाप आयोग जस्ता गैरन्यायिक निकायबाट मात्र हेरिनु पर्छ भन्ने विचार व्यक्त गरेका छन् । यसखाले अभिव्यक्तिले ती निकायहरुको भूमिकाका बारेमा अन्योलताहरुको मात्र चित्रण गर्छ । अहिले संसदमा विचाराधिन ऐनको मस्यौदाले प्रस्तावित आयोगका बारेमा स्पष्ट पार्दै उक्त आयोगमा कानूनी कारवाही गर्ने अधिकार नरहने र त्यसले फौजदारी कानूनको बर्खिलाफ गर्नेहरुको अनुसन्धान र सजाय गर्ने नेपालका न्यायिक निकायहरुको विकल्पका रुपमा काम गर्न नसक्ने उल्लेख गरेको छ ।

अभियोजनलाई दीगो शान्ति स्थापना प्रक्रियाको बाधाका रुपमा हेरिनु हुन्न । अभियोजनले द्वन्द्वका बेला भएका अत्याचारका महत्वपूर्ण घटनालाई सम्बोधन गर्नुका अतिरिक्त व्यापक दण्डहिनतालाई सम्बोधन गर्नुमा पनि मद्दत गर्छ । यी दुवैको उद्देश्यहरु प्राप्तिका लागि गम्भीर मानव अधिकार हनन्का घटनालाई दोहोरिन नदिन र विधिको शासनप्रतिको सम्मान गर्ने परम्परा बसाउने कुरा सुनिश्चित गर्न आवश्यक छ, जसले नेपालको दीगो शान्ति स्थापनालाई मद्दत गर्दछ ।


हामी तपाँईलाई प्रहरी अनुसन्धानकार्यलाई सुनिश्चित गर्न र मानव अधिकार हनन्का आपराधिक मुद्दाहरुलाई बिना राजनीतिक हस्तक्षेप अघि बढ्न दिन आग्रह गर्दछौं । मानव अधिकारको गम्भीर उल्लंघन भएका मुद्दाहरुलाई राजनीतिक कारणले छाडिनु हुन्न । साथै, सूचना तथा सञ्चार मन्त्रीका रुपमा अग्नि सापकोटाको नियुक्तिलाई अर्जुन लामाको हत्याकाण्डमा उहाँको संलग्नताका बारेमा प्रहरी अनुसन्धानबाट विधिवत र पारदर्शी ढंगले टुङ्गो नलागुञ्जेलसम्मका लागि पुनर्विचार गर्न समेत आग्रह गर्दछौं ।

त्यसका अतिरिक्त हामी सरकारसित फेब्रुअरीमा मानव अधिकार आयोगको विश्वव्यापी आवधिक समिक्षाका क्रममा गरिएको दण्डहिनता अन्त्य गर्ने प्रतिवद्धतालाई पालन गर्न पनि आग्रह गर्दछौं । सरकारले एउटा स्पष्ट तथा संदेहरहति विज्ञप्ति जारी गरी लामो समयदेखी प्रतिक्षा गरिएको बेपत्तासंबन्धी तथा, सत्य निरुपरण तथा मेलमिलापसंबन्धी आयोगले मानव अधिकार हनन्का आरोपीहरुका विरुद्ध गरिने कुनै पनि फौजदारी अभियोजन र सजायलाई प्रतिस्थापन गर्न सक्दैनन् भन्ने प्रस्ट पार्न जरुरी भएको छ ।


अन्त्यमा, पीडितका परिवार, पीडित व्यक्ति तथा मानव अधिकारकर्मीहरुलाई कुनै पनि प्रकारका धम्की दिने कार्यलाई सरकारले सहने छैन भन्ने सार्वजनिक सन्देश जारी गर्न पनि हामी तपाई समक्ष अनुरोध गर्दछौं ।

यहाँ उल्लेखित विषयहरु प्रति ध्यान दिनुभएकोमा यहाँलाई धन्यवाद छ ।

भवदीय



साम जरिफी, एसिया प्रशान्त निर्देशक
एमनेस्टी ईन्टरनेशनल



ब्राड आडम्स, एसिया डिभिजन
ह्युमन राइस्स् वाच



फ्रेडेरिक रस्की
नेपाल प्रतिनिधि, इन्टरनेशनल कमिशन अफ जुरिष्ट